म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ६० २०८० माघ ४ गते बिहीबार 18 January 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## १५ लाख घुससहित बनेपाका वडाध्यक्ष पक्राउ

काठमाडौंः १५ लाख रुपैयाँ घुससहित अख्तियारको टोलीले एक वडाध्यक्षलाई पक्राउ गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिएको टोलीले घर बाटो सिफारिस गर्ने प्रयोजनका लागि रु १५ लाख घुस लिएको आरोपमा बनेपा नगरपालिका वडा नम्बर ९ का अध्यक्ष नृपेश बादेलाई पक्राउ गरेको हो। उनलाई घुस लिइसकेको अवस्थामा मध्यपुर ठिमी नगरपालिका वडा नम्बर ३ स्थित गठ्ठाघरबाट नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ। आरोपी अध्यक्षसँगै आएका बा ७ च १२९ नम्बरका कार चालक बाह्रबिसे घर भई भक्तपुरको दुवाकोट बस्ने पदम बहादुर प्रधानलाई समेत नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ। *स्रोतः रातोपाटी।*

# एक महिनामा १३ जनाले गरे आत्महत्या

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा आत्महत्या गर्नेको संख्या भयावह बन्दै गएको छ। जिल्लाभर पुस महिनामा मात्र १३ जनाले आत्महत्या गरेका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार पुस महिनामा १० जनाले झुन्डिएर र ३ जनाले विष सेवन गरी आत्महत्या गरेका छन्। चालु आर्थिक वर्षको साउनदेखि हालसम्म ६१ जनाले आत्महत्या गरेका छन्।

गएको पुस २३ गते मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, भालुखर्कका ११ वर्षीय रोशन थोकरले गोठमा झुन्डिएर आत्महत्या गरे। घटनाबारे अनुसन्धान गर्न प्रहरीलाई समस्या भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो। आत्महत्या गर्ने ठाउँमा कुनै सुसाइट नोट नभेटिएका कारण घटनाबारे अनुसन्धान गर्न गाह्रो भएको उहाँको भनाइ छ।

पछिल्लो समय सामाजिक सञ्जालमा देखिने आत्महत्या दुरुत्साहनजन्य सामग्री हेरेर स-साना बालबालिकाहरुले पनि आत्महत्या गरेको हुनसक्ने उहाँको भनाइ छ। पछिल्लो समय सबै वर्गका परिवारमा आत्महत्याका घटना देखिने गरेको उहाँले बताउनुभयो। उहाँले यो अवस्थालाई रोक्न आवश्यक रहेको बताउनुभयो।

प्रहरीले सचेतना कार्यक्रम गर्ने गरे पनि पर्याप्त नभएको आफूलाई लागेको उहाँले बताउनुभयो। सरकारी निकाय, बालबालिका र मानव अधिकारको क्षेत्रमा काम गर्ने उद्देश्यले सञ्चालित संघसंस्थाहरु सबैले अध्ययन गरेर सचेतनाका कार्यक्रम बढाउनुपर्ने उहाँले बताउनुभयो। जिल्ला प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको हालसम्म आत्महत्या रोकथामसम्बन्धी सचेतना गरेकोमा १ हजार ४ सयभन्दा बढी सहभागी भएका थिए। यस्तै, गत आर्थिक वर्षमा ३० वटा सचेतना कार्यक्रम गरेको थियो।

आत्महत्या प्रयासका घटना पनि उत्तिकै छन्। आत्महत्याका घटनाको विषयमा सघन अध्ययन गरी यस्तो गलत कार्यको कारण र रोकथामका लागि स्थानीय सरकार, समुदायका अगुवाको ध्यान जान सकेको छैन। मकवानपुर जिल्लामा कतिपय आत्महत्याको प्रयासका घटना लैंगिक हिंसा र बलात्कारका घटनाबाट पीडित भएकै कारण पनि भइरहेको देखिन्छ। प्रहरी, प्रशासनले पनि आत्महत्याको घटनालाई गम्भीर रुपमा लिएर समाधानतर्फ अग्रसरता देखाउन सकेको छैन।

किशोरी यौनशोषण प्रकरण

# पीडक पक्राउ परेनन्

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-१ की एक युवतीले आफूलाई ब्ल्याकमेल गरी पटकपटक यौनशोषण गरेको भन्दै प्रहरीमा जाहेरी दिएको तीन साता पूरा भएको छ। सोही ठाउँका २४ वर्षीय युवकले आफ्नो नग्न तस्वीर खिचेर ब्ल्याकमेल गरी निरन्तर यौनशोषण गरेको भन्दै किशोरीले गत पुस ११ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएकी थिइन्।

तर, उजुरी दिएको तीन साता पूरा भएपनि आरोपित युवा अझै फरार छन्। प्रहरीले हालसम्म उनलाई पक्राउ गर्न सकेको छैन। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले उनको खोजी कार्य भइरहेको बताउनुभयो।

पीडित युवतीले ९ कक्षा पढ्दादेखि नै चिनेको उक्त युवकले गत बैशाखमा किशोरीको कोठामै गएर नग्न तस्वीर खिचेर ब्ल्याकमेल गर्न सुरु गरेको प्रहरीमा दर्ता गरेको जाहेरीमा उल्लेख गरेकी छन्। ती युवकले किशोरीको फेसबुक आइडीसमेत लिएर किशोरीको नग्न तस्वीर राखेर यौनकर्मीको रुपमा प्रचारसमेत गरिदिएको पीडितको आरोप छ।

# हेटौंडा उपमहानगरको कार्यपालिका बैठक कार्यतालिकाअनुसार बस्न सकेन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको नियमित कार्यपालिका बैठक माघ महिनामा पनि बस्न सकेन। हरेक महिनाको २ र १६ गते कार्यपालिकाको बैठक बस्ने कार्यतालिका भए पनि माघ २ गते मंगलबार कार्यपालिका बैठक बस्न सकेन।

हेटौंडा उपमहमानगरपालिकाकी प्रमुख मीना कुमारी लामासँग बैठकका विषयमा बुझ्न खोज्दा उहाँको मोवाइल उठेन। यता प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईले भने कार्यतालिकाअनुसारको कार्यपालिका बैठकको नबसेको बताउनुभयो। चालु आर्थिक वर्षमा एक पटक पनि हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक कार्यतालिकाअनुसार बस्न सकेको छैन।

कार्यपालिका बैठक कार्यतालिकाअनुसार नबस्ने र निर्णय समेत सार्वजनिक नभएको भनी नियमित आलोचना भएपछि पुस ६ गते बसेको कार्यपालिका बैठकको निर्णय भने हेटौंडा उपमहानगरपालिकाले सार्वजनिक गरेको थियो। त्यसपछि पुस २० गते बसेको कार्यपालिका बैठकको निर्णय पनि उपमहानगरपालिकाले सार्वजनिक गरेको छ।

# चिनियाँ नागरिकद्वारा नेपाली किशोरीमाथि हातपात

समाज संवाददाता

हेटौंडाः काठमाडौं-तराई मधेश फास्ट ट्रयाकमा कार्यरत चिनियाँ नागरिकले एक नेपाली किशोरीमाथि हातपात गरेका छन्। मकवानपुरको बकैया गाउँपालिका-१२ भट्टेपाखामा रहेको चाईनिज क्याम्पमा खाना बनाउने काम गर्ने मकवानपुरगढी गाउँपालिका-१ की १८ वर्षीया किशोरीलाई फास्ट ट्रयाक निर्माणमा कार्यरत ५१ वर्षीय थान काई युनले हातपात गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

मंगलबार बेलुका ७ बजेको समयमा किशोरीलाई हातपात गर्ने चिनियाँ नागरिकलाई स्थानीयले कुटपिट गरेर घाइते बनाएका थिए। घाइते चिनियाँ नागरिकको अर्थोपेडिक अस्पताल हेटौंडामा प्रहरीको निगरानीमा उपचार भइरहेको छ। घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। किशोरी स्थानीय मेडिकलमा उपचार पश्चात डिस्चार्ज भएको प्रहरीले जनाएको छ।

# चितवन मेडिकल कलेजसँगको सहकार्यमा चुरेहिल सञ्चालनमा




समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानाभञ्याङ्गस्थित चुरेहिल हस्पिटलले चितवनस्थित चितवन मेडिकल कलेजसँगको सहकार्यमा बुधबारबाट सेवा सुचारु गरेको छ। चितवन मेडिकल कलेज (सिएमसी) सँग गत असोज २६ गते सहकार्य गर्ने सम्झौता भएको ६ महिनापछि बुधबारबाट चुरेहिल अस्पताल सञ्चालनमा आएको अस्पतालका व्यवस्थापक रविन्द्र कुमार थापाले जानकारी दिनुभयो। उहाँका अनुसार अस्पतालको विभिन्न साझेदारी हस्तान्तरण र प्रक्रियाका कारण सञ्चालनमा ढिलो भएको हो।

४० प्रतिशत चुरेहिल र ६० प्रतिशत सिएमसीको सेयर रहने गरी सहकार्य भएको अस्पतालले बुधबारबाट साधारण जाँचको सुरुवात गरेको छ। अस्पतालमा जाँच गर्न आउने सेवाग्राहीहरुले धेरै स्वास्थ्य सेवा पाउन र स्वास्थ्यमा स्तरोन्नति गर्ने उद्देश्यले अस्पतालले सिएमसीसँग सहकार्य गरेको थापाले बताउनुभयो। अस्पतालमा आएका बिरामीहरु सानो तिनो जाँचका लागि काठमाडौं र चितवन जानुपर्ने अवस्थालाई मध्यनजर गरेर चितवन मेडिकल कलेज र चुरेहिल हस्पिटलबीच सहकार्यको सम्झौता भएको बताइएको छ। चुरेहिल अस्पतालले मुटु स्वास्थ्यसम्बन्धी उपचारलाई प्राथमिकतामा राखेको जनाएको छ। स्त्री तथा प्रसुती सेवा र बालस्वास्थ्य सम्बन्धी सेवा थप गर्ने भएको थापाले बताउनुभयो।

अस्पतालमा आएका सेवाग्राहीहरुलाई स्वस्थ राख्ने लक्ष्य चुरेहिलले राखेको छ। चुरेहिल हस्पिटलका प्रबन्ध निर्देशक नारायण लाल श्रेष्ठका अनुसार करिब १० वर्षअघि सञ्चालनमा आएको अस्पतालको स्तरोन्नति गर्दै जिल्लावासीलाई स्तरीय सेवा प्रदान गर्ने उद्देश्यले चितवन मेडिकल कजेलसँग सहकार्य गरिएको बताउनुभयो। व्यावसायिक लाभ-हानी भन्दा पनि जिल्लावासीको सेवाका लागि चितवन मेडिकल कलेजसँगको सहकार्य महत्वपूर्ण र उपलब्धीमूलक हुने उहाँको भनाइ छ। चुरेहिल र चितवन मेडिकल कलेजबीचको साझेदारीलाई बुझाउने गरी नयाँ नामाकरण समेत गरी छिट्टै भव्य उद्घाटन गरिने श्रेष्ठले जानकारी दिनुभएको छ। २५ बेड क्षमताको चुरेहिल हस्पिटल चितवन मेडिकल कलेजसँगको सहकार्यपछि एक सय बेडमा स्तरोन्नति गरी भावी दिनमा मेडिकल कलेजकै रुपमा विकसित गर्ने योजना रहेको प्रबन्ध निर्देशक श्रेष्ठको दावी छ।

हार्दिक बधाई



*राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको हालै सम्पन्न अधिवेशनबाट सञ्चालक सदस्यमा निर्वाचित हुनुभएकोमा यस संस्थाका सल्लाहकार आदरणीय* **बद्रिप्रसाद लम्साल** *ज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।*

**मीठाराम दाहाल, अध्यक्ष**

**एवम् नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार**

**हेटौंडा-२, मकवानपुर**

आवश्यकता

यस महाविद्यालयको चमेनागृहको लागि तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता भएकोले इच्छुक उम्मेदवारबाट आवेदनको निम्ति आव्हान गरिन्छ।

१. कुक-इण्डिएन (१)
२. कुक- कन्टिनेनटल (१)
३. भान्सा सहयोगी (२)



माथिका सबै पदहरुका लागि आफ्नो व्यक्तिगत विवरणहरु सहित आवेदन दिन खोजेको पद खुलाई **vacancy@hsm.edu.np** मा इमेल गर्न वा यस महाविद्यालयमा आफैं उपस्थित भई आवेदन गर्न सकिनेछ।

Hetauda School of Management and Social Sciences "कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

## सम्पादकीय

# स्थानीय तहमा मौलाउँदो भ्रष्टाचार

भ्रष्टाचार एक सामाजिक समस्या हो । भ्रष्टाचार बढ्दै जाँदा धेरै आर्थिक र सामाजिक समस्या बढ्छन् । भ्रष्टाचार व्याप्त मुलुकको विकासको गति मन्द हुन्छ । भ्रष्टाचारकै कारण राज्यको स्रोत साधनको दुरुपयोग हुन्छ । भ्रष्टाचारले कर्मचारीको कार्यसम्पादनमा नकारात्मक असर पर्दछ भने सेवाप्रवाह कमजोर बन्छ । सेवाग्राहीलाई अनावश्यक आर्थिक भार पर्दछ । भ्रष्टाचारले विकासका पूर्वाधार कमजोर बन्छन् । भ्रष्टाचारकै कारण वस्तु तथा सेवाको मूल्यवृद्धि हुन्छ । भ्रष्टाचारले उत्पादकत्व ह्रास हुन्छ । भ्रष्टाचारले आर्थिक असमानता वृद्धि गर्दछ भने सामाजिक विचलन निम्त्याउँछ । भ्रष्टाचारले देशमा कुनै पेसा, व्यवसाय गर्ने वातावरण बन्दैन । देश र जनता गरिब हुँदै जान्छन् । विश्व समुदायले गर्ने आर्थिक सहयोग गुम्छ । विदेशी लगानी आउँदैन । अन्तर्राष्ट्रिय जगतमा देशको छवि धमिलिन्छ । भ्रष्टाचारकै कारण आपराधिक गतिविधि मौलाउँछ । भ्रष्टाचारबढेमा विधि, प्रक्रिया, नियम, कानुनको पालना हुँदैन ।

विकासोन्मुख देशहरुको एउटा प्रमुख विशेषता बन्ने गरेको भ्रष्टाचारबाट नेपाल पनि अछुतो रहन सकेको छैन । विश्वका भ्रष्टाचार बढी हुने देशहरुको सूचीमा नेपाल अग्रस्थानमै रहँदै आएको छ । देशका सबैजसो क्षेत्र र निकायलमा भ्रष्टाचार बढ्दै गएको छ । राज्यका उच्च निकायदेखि जनताको सामान्य काम गर्ने तहसम्म भ्रष्टाचारको जालो फैलिएको छ । भ्रष्टाचार गर्नेहरुविरुद्ध उजुरी लिने, अनुसन्धान गर्ने र कारबाहीका लागि सिफारिस गर्ने संवैधानिक निकायको रुपमा रहेको अख्तियार अनुसन्धान आयोगका विभिन्न कार्यालयमा पर्ने गरेको भ्रष्टाचारको उजुरीको तथ्यांकले पनि देशमा भ्रष्टाचार मौलाउँदै गएको पुष्टि गर्दछ । आयोगको हेटौंडा कार्यालयमा चालु आर्थिक वर्षको ५ महिनामा ३३३ वटा मुद्दा छन् । गत आर्थिक वर्षमा मकवानपुरका ४६७ मुद्दा दर्ता भएको थियो । बागमती र मधेश प्रदेशका १२ वटा जिल्ला कार्यक्षेत्र रहेको कार्यालयमा सबैभन्दा बढी बारा जिल्लाका ५३८ भ्रष्टाचारका मुद्दा रहेका छन् । रौतहटको ४२९, पर्साको ४०३ र चितवनको १५० मुद्दा कार्यालयमा छन् । कार्यालयमा दर्ता भएका भ्रष्टाचारका मुद्दामध्ये अधिकांश स्थानीय तहसँग सम्बन्धित रहेका छन् ।


आयोगको कार्यालयमा गत आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहसँग सम्बन्धित १ हजार ५६९ वटा भ्रष्टाचारका मुद्दा रहेका थिए । चालु आर्थिक वर्षको मंसिर मसान्तसम्ममा कार्यालयमा १ हजार ४१५ वटा उजुरी छन् । अघिल्लो आर्थिक वर्षका कुल मुद्दाकै बराबर चालु आर्थिक वर्षका ५ महिनामा भ्रष्टाचारसम्बन्धी मुद्दा कार्यालयमा हुनुले स्थानीय तहमा भ्रष्टाचार मौलाउँदै गएको बुझ्न सकिन्छ । आयोगको भ्रष्टाचारका उजुरी (मुद्दा) फछ्र्यौटको दर पनि कम रहेको छ । आयोगले गत आर्थिक वर्षमा स्थानीय तहसम्बन्धी ७३८ वटा मुद्दामात्र फछ्र्यौट गरेको थियो । आयोगको कार्यालयमा चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म एक हजार ३६ वटा नयाँ उजुरी दर्ता भएको छ भने गत वर्षबाट दायित्व सरी आएको ८ सय ८० ओटा गरी एक हजार ९ सय १६ वटा मुद्दा रहेका छन् । आयोगमा दर्ता भएका एक हजार ९१६ मुद्दामा एक हजार ४ सय १५ मुद्दा स्थानीय तहसँग सम्बन्धित रहेको तथ्यले पनि स्थानीय तहमा भ्रष्टाचार बढी रहेको पुष्टि गर्दछ ।

स्थानीय तहलाई अहिले नागरिकको घरदैलोको सिंहदरबार भन्ने गरिएको छ । अधिकारसम्पन्न स्थानीय तह र त्यहाँका जनप्रतिनिधिले गर्ने कतिपय कामहरु नियमविपरित हुने हुँदा भ्रष्टाचारका मुद्दा पर्ने गरेका छन् । स्थानीय तहका सार्वजनिक निर्माण, नदीजन्य पदार्थ उत्खनन्, कर्मचारी नियुक्ति, तालिम तथा क्षमता विकास, राजस्व अपचलन, सार्वजनिक जग्गा अतिक्रमण, सेवाप्रवाहलगायतका विषयमा आयोगमा उजुरी प्राप्त हुनेगरेको छ । अधिकांश भ्रष्टाचारका कारणमा व्यक्तिगत, दलगत वा सामूहिक स्वार्थपूर्ति देखिने गरेका छन् । जनप्रतिनिधि तथा कर्मचारीले राजनीतिक पहुँच एवम् व्यक्तिगत स्वार्थका कारण विधि र प्रक्रिया मिचेर काम गर्ने गरेका कारण स्थानीय तहमा भ्रष्टाचार मौलाउँदै गएको मान्न सकिन्छ । विधि तथा कानुनको अवहेलना, सुशासनको कमी र बढ्दो दण्डहिनताले भ्रष्टाचार मौलाउँदै गएको हो । भ्रष्टाचार मौलाएको सबैले भन्ने गरे पनि यसको न्यूनीकरणका लागि राजनीतिक दल, नागरिक समाज र राज्य संयन्त्रबाट समेत प्रभावकारी काम हुन सकेको छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| **वृष** | : व्यापार–व्यवसायमा बढोत्तरी हुने समय योग छ । |
| **मिथुन** | : अध्ययन–अध्यापनका काममा सरिक भइने छ । |
| **कर्कट** | : व्यापार–व्यवसायबाट विशेष लाभ होला । |
| **सिंह** | : वैदेशिक कामबाट विशेष तनाब बढ्ने समय छ । |
| **कन्या** | : प्राविधिक र सीपमूलक कामबाट विशेष लाभ होला । |
| **तुला** | : धार्मिक कृत्यका काममा सरिक भइने समय योग छ । |
| **वृश्चिक** | : हाँके ताकेका कामहरु पूर्ण हुने समय योग छ । |
| **धनु** | : स्वास्थ्यमा सकारात्मक सचेत प्राप्त हुने समय छ । |
| **मकर** | : कार्यक्षमता र प्रतिभा बढाउँने समय योग छ । |
| **कुम्भ** | : परोपकारजन्य कामबाट लाभ प्राप्त हुने छ । |
| **मीन** | : अचल धनको उपयोगबाट लाभ प्राप्त हुने समय छ । |

# विकासमा कहाँ चुक्यौं ?



रमेश घिमिरे

निजी क्षेत्रको विशेषता लगानी गर्ने र मुनाफा कमाउने हो। लगानीबाट देशको आर्थिक वृद्धि र रोजगारी वृद्धि हुन्छ । मुनाफाबाट राज्यले राजस्व आर्जन गरेर सामाजिक संरक्षणको कार्य गर्छ । नेपाल विकासमा पछाडि पर्नुको कारण निजी लगानी वृद्धि हुन नसक्नु हो। मुनाफालाई अपराधको रूपमा हेर्ने सोच नेपालका नीति निर्मातामा देखिन्छ । निजी क्षेत्र बदमासी गर्ने उद्देश्यले आएको हो। सरकारको काम त्यसलाई सही बाटोमा लगाउने हो भन्ने बुझाइ रहेको छ । निजी कम्पनीले बढी मुनाफा खाएका कारण महँगी बढेको हो।

निजी क्षेत्र उद्योग गर्ने जोखिम लिँदैन। सामान आयात गरेर बिक्री गर्न मात्र तल्लीन छ । यसैले देशको आर्थिक वृद्धि हुन नसकेको भन्ने गरिन्छ । सरकारले सबै चिजको मूल्य तोक्नु वा निर्धारणको लागि मापदण्ड बनाउनुपर्छ भन्ने विचार व्याप्त छ। सार्वजनिक यातायात, स्वास्थ्य र शिक्षा सरकारको दायित्व हो । त्यसैले यसमा सरकारले शुल्क तोक्नैपर्छ भनिन्छ। सरकार आफैंले यातायात, स्वास्थ्य र शिक्षामा लगानी गरेको छ । सरकारी साधनले सरकारले तोकेको भाडा लिन्छन्। आधारभूत स्वास्थ्य सेवा र शिक्षा निःशुल्क नै छ । तर, सबैलाई निजी अस्पताल र निजी स्कुलको सेवा निःशुल्क चाहिन्छ ।

### उद्योगभन्दा व्यापार फस्टाएको किन ?

सरकार र नेपाल राष्ट्र बैंकले उद्योग गर्न अनेक सहुलियत, सुविधा र सुलभ कर्जाको प्रावधान राखेका छन्। तर, निजी क्षेत्र उद्योगभन्दा व्यापारमै बढी केन्द्रित छ । यसको कारण के हो ? उद्योगका लागि धेरै जमिन चाहिन्छ, विभिन्न प्रदूषण हुन सक्छ, प्राकृतिक स्रोत उपयोग गर्नुपर्छ, ठूलो संख्यामा श्रमिक चाहिन्छ, एक ठाउँमा ठूलो रकम लगानी गर्नुपर्छ । उद्योगले सहजै कर्जा मात्र पाएर के गर्नु ? जग्गाको मूल्य अचाक्ली भएका कारण खरिद गर्न सक्दैन । वातावरणमा असर गर्छ भन्ने नाममा स्थानीयको अवरोध हुन्छ। श्रमिकहरु काम कम र अधिकारमा बढी केन्द्रित भई आन्दोलनमा उत्रन्छन्।

### वस्तुको मूल्य वृद्धि किन हुन्छ ?

नेपालमा मानिसहरूको आम्दानीको अधिकांश हिस्सा खानपिनमै सकिन्छ । नेपालको औसत मूल्य सूचकमा खानेकुराको भार ४५ प्रतिशत छ। कुल खानेकुरामध्ये १५ प्रतिशत आयातीत हुन्छ । भारतमा खाद्यान्नको मूल्यवृद्धि हुनासाथ यहाँ स्वतः वृद्धि हुन्छ। पेट्रोलियम पदार्थ पूर्णतः आयात गर्नुपर्छ । यसको मूल्यवृद्धि हुँदा अप्रत्यक्ष रूपले ढुवानी र उत्पादन लागत सबै वृद्धि हुन्छ। अरू धेरै सामान पनि विदेशमा महँगो भयो भने स्वदेशी नीतिबाट मूल्य नियन्त्रण गर्न सकिँदैन ।

मूल्यवृद्धि हुने अर्को कारण करको दर हो । नेपालमा विभिन्न वस्तुमा उच्च दरमा भन्सार महसुल लगाइन्छ। बेलाबेला खानेकुरामा पनि मूल्य अभिवृद्धि कर लगाइन्छ। कतिपय वस्तुमा अन्तःशुल्कको दर पनि उच्च छ । सवारी साधनको हकमा २ सय ४० प्रतिशत कर लाग्छ । नेपाली उत्पादन झन् महँगो छ । उत्पादनमा लागत बढी छ। कृषि, साना, मझौला उद्योगमा परम्परागत प्रविधि छ। जसमा धेरै श्रम र न्यून उत्पादकत्व हुन्छ। ज्ञान, सीप, प्रविधि र कार्यदक्षताको कमीका कारण लागत बढी पर्न जान्छ ।

कतिपय वस्तुको उत्पादनमै कार्टेलिङ छ। ढुवानीमा कार्टेलिङ छ। उत्पादक र उपभोक्ताबीचको दूरी लामो छ। दलाली गर्ने तह धेरै छन् । विक्रेताहरूमा पनि कार्टेलिङ हुन्छ । यसरी मूल्य बढ्छ । उद्योगी, व्यापारी सबैले सरकारी निकायमा घूस, कमिसन खुवाउनुपर्छ । चन्दा दिनुपर्छ। यी सबैका कारण समग्र लागत महँगो पर्न जान्छ।

### संकीर्ण सोचको सीमितता

मन्त्री, सांसद, सरकारी कर्मचारी सबैको सोच संकीर्ण छ। निजी क्षेत्र ठगेर मुनाफा गर्न आएको भन्ने मात्र उनीहरुको बुझाइ हुन्छ । जहाँ पनि महँगो शुल्क लिएको छ, नियन्त्रण गर्नुपर्छ भन्ने उनीहरूको सोचाइ हुन्छ। कम्पनी, फर्म दर्ता गर्न, कुनै इजाजत जारी गर्न अनेक ढिलासुस्ती गर्ने, यो मिल्दैन, त्यो मिल्दैन भन्ने प्रवृत्ति छ। अनुमति नलिई काम गर्दा अवैध भनेर कारबाही गरिन्छ। अनुमतिका लागि आवेदन गरे पनि सरकारी निकायबाट अनुगमन र निर्णय गर्न ढिला गरिन्छ । गल्ती, त्रुटि भयो भनेर उद्योग, व्यापारमा सरकारी निकायहरूले तालाबन्दी गर्छन्। केही हजार रुपैयाँ जरिवाना गर्नुपर्ने कसुर हुन्छ । तर, कारोबार नै बन्द गरेर लाखौं-करोडौंको क्षति पुऱ्याउने गरिन्छ।

### उत्पादनबिना वितरणमुखी सोच

राजनीतिक नेतृत्वमा को कति राम्रो भन्ने मूल्यांकन कसले केके निःशुल्क दिने भनेर घोषणा गर्छ भनेर हुन्छ । मन्त्री, सांसदले सित्तैंमा सेवा गर्दैनन्, कर्मचारीले तलबभत्ता नखाइ काम गर्दैनन्, कुनै पनि वस्तु र सेवाको उत्पादन बिनालागत हुँदैन ।

### निःशुल्क कसरी दिने ?

निःशुल्क भनेको एउटाबाट बढी पैसा लिएर अर्कोलाई सित्तैंमा दिने हो। कसैबाट कर नउठाई कसैलाई निःशुल्क दिन सकिँदैन। कर बढी उठाउनेमा कुनै नेतृत्वको होडबाजी हुँदैन। बाँड्ने कुरा सबै क्षेत्रमा हुन्छ । कर छली रोकेर राजस्व बढाउने मात्र उनीहरुको भनाइ हुन्छ। कम्पनीहरुको मुनाफा बढाएर बढी कर असुल गर्ने योजना कसैको पनि हुँदैन ।

नेपालमा आर्थिक वृद्धि आवधिक योजनाको उद्देश्यमा मात्र उल्लेख हुन्छ । वार्षिक बजेट कार्यक्रम र सरकारका क्रियाकलाप लोककल्याणमा केन्द्रित हुन्छन् । तर, वास्तवमा जनताले केही पनि राहत पाउँदैनन् । किनकि आर्थिक वृद्धिबिनाको लोककल्याण अर्थहीन हुन्छ। गर्नुपर्ने त उच्च र तीव्र आर्थिक वृद्धि र त्यसअनुरूप लोककल्याण हो । आर्थिक वृद्धिका लागि लगानी वृद्धि गर्ने हो । सरकारले पनि बढी प्रतिफलदायी आयोजनामा लगानी गर्नुपर्छ । निजी कम्पनीले पनि बढी मुनाफा हुने आयोजनामा लगानी गर्नुपर्छ । किनकि यसले थप पुँजी निर्माण गर्छ।

### संसद्को प्राथमिकता नै गलत

संसद्को काम देशको समृद्धिका लागि कुन कानुन संशोधन गर्ने, कुन नयाँ कानुन बनाउने भन्ने हो । सरकारले विधेयक पेस गर्ने र संसद्ले पारित गर्ने मात्र होइन। सांसद आफैंले विधेयक पेस गर्न सक्छन्। सांसदले नीति र कानुनका कुरा संसद्मा उठाउन सक्छन् । संसदीय समितिले सरकारलाई कानुन बनाउन निर्देशन दिन सक्छन् । तर, सांसदको ध्यान आफ्नो क्षेत्रमा बजेट पार्नमै सीमित हुन्छ। सरकारी निकायहरूमा आफन्तका काम छिटोछरितो गराउन धाउने गर्छन्।

ससाना टुक्रे आयोजना छिटो कार्यान्वयन गराउन वडादेखि प्रधानमन्त्री कार्यालयसम्म दबाब सिर्जना गर्न उनीहरूले समय व्यतीत गर्छन् । सबै नागरिकले छिटो-छरितो सार्वजनिक सेवा पाऊन्, नीतिगत सुधार के गर्नुपर्छ भन्नेमा सांसदको चासो हुँदैन। विकास निर्माणको काम स्वचालित ढंगले सञ्चालन गर्न कुन कानुनमा के सुधार गर्नुपर्छ भन्नेमा उनीहरूले सोच्दैनन् । सिंगो मुलुकको विकासका लागि कस्ता नीति, योजना आवश्यक पर्छ भन्ने विषयमा सांसदहरूको सोचाइ नै देखिँदैन । विकास निर्माणमा नीतिगत स्थायित्व हुने गरी आगामी १०, २०, ३० वर्षका लागि साझा अवधारणा र समझदारी बनाउने कुरामा कहिल्यै छलफल नै हुँदैन ।

### सरकारको प्राथमिकता पनि गलत

सरकारका प्रधानमन्त्री र मन्त्री आदेश र निर्देशन दिन तत्पर देखिन्छन् । देश विकास नभएको आदेश र निर्देशनको अभावले होइन। कर्मचारीतन्त्रले छिटोछरितो काम गर्न नसक्नुको पछाडि कारण के छन् ? समस्या के हो ? नीतिगत सुधार के गर्नुपर्छ, संस्थागत सुधार के गर्नुपर्छ ? भन्ने विषयमा सरकारको नेतृत्वले कहिल्यै चासो दिएको देखिँदैन। विकासले गति नलिनुमा आयोजनाहरू समयमा सुरु नहुनु, समयमा सम्पन्न नहुनु, लागत वृद्धि हुनु प्रमुख समस्या हो भन्ने सबैलाई थाहा छ। त्यो किन भएको छ ? कमी-कमजोरी कहाँ छन् ? कसरी सुधार गर्न सकिन्छ भन्ने छलफल, राय-परामर्श र चिन्तन-मननको कार्यमा प्रधानमन्त्रीहरूले समय दिन भ्याउँदैनन् । स्वदेशी र विदेशी निजी क्षेत्रबाट लगानी आएन, सबैले भन्छन् । लगानी गर्न आह्वान पनि गर्छन् । तर, लगानी नआउनुका पछाडि कुन-कुन कानुनमा के-के समस्या छन् ? त्यसलाई कसरी हल गर्न सकिन्छ भनेर निजी क्षेत्रबाट राय-परामर्श लिने फुर्सद प्रधानमन्त्रीहरूलाई कहिल्यै पनि हुँदैन ।

### निष्कर्ष

सरकारले मूल्य नियन्त्रण गर्ने विधिबाट देशमा निजी क्षेत्र फस्टाउँदैन । सरकारको काम प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने हो । कहीं-कतै कार्टेलिङ भएको छ कि छैन भनेर निगरानी गर्ने हो । स्वतन्त्र बजारले तय गरेको मूल्य कहिल्यै पनि महँगो हुँदैन। मूल्यसूची सार्वजनिक गर्न लगाउने काम सरकारको हो । खाद्यान्न मात्र होइन, लत्ताकपडादेखि कस्मेटिकसम्म सबैको मूल्यसूची सार्वजनिक गर्न लगाउनुपर्छ । आफैं सार्वजनिक गरेको मूल्य पालना नगर्ने व्यापारीलाई कारबाही गर्नुपर्छ। उपभोक्ता सचेतना बढाउने काम सरकारको हो।

उपभोक्ता विवेकशील भए भने सस्तो र राम्रो जहाँ छ, त्यहींबाट खरिद गर्छन् । उपभोक्ता विवेकशील छैनन्, त्यसैले सरकारले मूल्य तोक्नुपर्छ भन्ने उल्टो बुद्धि लगाउनु हुँदैन। निजी क्षेत्रलाई बढीभन्दा बढी मुनाफाको सम्भावना देख्ने वातावरण बनाउनुपर्छ। त्यसपछि उनीहरू लगानी गर्न आफैं आकर्षित हुन्छन्। निजी क्षेत्रको स्वस्फूर्त लगानी हुन थाल्यो भने मुलुकले विकासको बाटो समात्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# हिंडौं पैदल पनि



सौरभ ढकाल



फित्तै लगाएर नाप्ने हो भने कोटेश्वर-बानेश्वरको दूरी पुगनपुग दुई किलोमिटर छ । कस्सिएर हिंड्दा यति दूरी छिचोल्न २० मिनेट पनि लाग्दैन ।

तर, कोटेश्वरबाट बानेश्वरसम्म जानका लागि मान्छेहरू ३० मिनेटसम्म गाडी पर्खन्छन्। मरिगए हिंड्दैनन्।

शारीरिक रूपमा अशक्त, बुढापाका, गर्भवतीको हकमा त हिंड्नु सहज नहोला । जबकि मस्त जवान युवाहरू पनि हिंड्न हच्किन्छन् । पैदल हिंड्नका लागि किन जाँगर चलाउँदैनन् ?

एक- सहज रूपमा पैदल हिंड्नका लागि यो शहरमा चौडा फुटपाथ छैन।

दुई- धुलो, धुवाँ, ध्वनि प्रदूषण र दुर्गन्धले बटुवालाई हैरान बनाउँछ।

तीन- पैदल हिंड्न सुरक्षित छैन। खासगरी बाटो काट्न जोखिमपूर्ण छ।

यसबाहेक अर्को महत्वपूर्ण कारण छ, त्यो हो हिंड्ने संस्कार नै छैन । यो शहरमा कोही हिंडेरै गन्तव्यसम्म आउजाउ गर्छन् भने उनीमाथि सम्मान होइन हेयभाव राखिन्छ। त्यसैले अरूको अगाडि 'बिचरा' नबन्नका लागि पनि मान्छेहरू पैदल हिंड्दैनन्।

जबकि हिंड्नुको अनेक लाभ छ । धेरै टाढासम्म पुग्न नपर्ने, हतार छैन भने पैदल हिंडेर गन्तव्यसम्म आउजाउ गर्नु सर्वोत्तम हो । किन ?

-हिंड्नु आफैंमा सम्पूर्ण व्यायाम हो । दैनिक ४०-४५ मिनेट हिंड्ने हो भने पेट घटाउनका लागि जिम धाउने वा औषधि खाने दुःख गरिरहनु परेन ।

-चिनेजानेका, साथीभाइ, बालबच्चा पनि पैदल हिंड्न जाँगर गर्छन् । विस्तारै यसले एउटा संस्कारको रूप लिन्छ ।

-प्रकृति र पर्यावरणमा सहयोग पुग्छ । शहरलाई स्वच्छ राख्ने काममा आंशिक भए पनि योगदान हुन्छ ।

-गाडी, मोटरसाइकलको चाप केही मात्रामा भए पनि कम हुन्छ। यसले गर्दा एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सवारी साधनलाई बाटो खुला हुन्छ ।


### काठमाडौंमा किन हिंड्दैनन् मान्छे ?

युरोपेली मुलुकका केही शहरलाई '१५ मिनेट सिटी' पनि भन्ने गरिएको छ । तीव्रताका साथ १५ मिनेट हिंडियो भने यो शहरको एक छेउबाट अर्को छेउमा पुग्न सकिन्छ । ती शहरहरूमा पैदल हिंड्नलाई प्रोत्साहित गरिन्छ। यसका लागि पर्याप्त फुटपाथको सुविधा छ।

नेदरल्यान्डको शहर पैदल र साइकल यात्राको लागि एकदमै लोकप्रिय छन् । त्यसैले यसलाई वातावरणमैत्री अवधारणाको

....बाँकी पृष्ठ ३ मा

# चित्लाङ-चन्द्रागिरी सडक स्तरीकरणको प्रयास



समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकास्थित चित्लाङ-चन्द्रगिरी हुँदै काठमाडौं जोड्ने सडकखण्ड स्तरीकरण गर्न मकवानपुरका जनप्रतिनिधि तथा नेताहरुले सामूहिक प्रयास गरेका छन् । बुधबार मकवानपुर २ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य महेश बर्तौलाको समन्वयमा सडक स्तरीकरणका लागि प्रयास भएको हो ।

पहिलो पटक नेकपा एमाले, नेपाली कांग्रेस तथा नेकपा माओवादी केन्द्रका नेताहरुले सडक स्तरीकरणका लागि सामूहिक प्रयास सुरु गरेका छन्। बुधबार पूर्वसांसदहरु रामनारायण विडारी, सुभाषचन्द्र ठकुरी, नेपाली कांग्रेसका नेता जयराम लामिछाने, थाहा नगरपालिकाका प्रमुख विष्णु बिष्ट र इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीलगायतका जनप्रतिनिधि र नेताहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर यस आर्थिक वर्षमै १० करोड बजेट माग गर्नुभएको छ। टोलीले प्रधानमन्त्रीलाई ४० करोड रुपैयाँ बराबरको श्रोत सुनिश्चितता गराउन अनुरोध गरेको थियो ।

प्रधानमन्त्री प्रचण्डले आफूलाई चित्लाङ सडकको महत्वका विषयमा जानकारी नै रहेको बताउनुहुँदै सरकारले आवश्यक बजेट उपलव्ध गराउनेमा निश्चिन्त रहन आग्रह गर्नुभएको सांसद बर्तौलाको स्वकीय सचिव आशीष अस्लामीले बताउनुभयो । यस सडकखण्डमा पटकपटक सवारी दुर्घटना हुँदै आएको थियो । गत शनिबारमात्रै काठमाडौंबाट थानकोट चन्द्रागिरी हुँदै चित्लाङ आउँदै गरेको जीप अनियन्त्रित भई सडकबाट करिब ५ सय मिटर तल खस्दा चार जनाको मृत्यु भएको थियो ।

# विद्यार्थीलाई न्यानो कपडा वितरण

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानवुरको बागमती गाउँपालिका-४ स्थित महाबुद्ध आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गरिएको छ । बुधबार एक कार्यक्रमका बीच रोयल सीआरसी मकवानपुरले विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गरेको हो ।

शैक्षिक क्षेत्रमा कार्यरत संस्थाले बालबालिकाको निम्ति काम गर्दै आइरहेको छ। प्लान नेपालद्वारा सञ्चालित यस संस्थाले विशेषगरी घरबारविहीन, विद्यालय छाडेर अलपत्रमा परेका र असहाय बालबालिकाको पुनर्स्थापना गर्नका लागि कार्य गर्दै आइरहेको छ ।

बालबालिकाहरुको उद्दार तथा आर्थिक अवस्था पहिचान गरी सहयोग गर्ने काममा संस्था पछि नहट्ने संस्थाका प्रबन्धक देवेद्र राईले बताउनुभयो । कक्षा ५ सम्म पठनपाठन हुने विद्यालयमा १ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

विद्यालय व्यवस्थापन समितिको समन्वयमा भएको कपडा तथा शैक्षिक सामग्री वितरण कार्यक्रममा समितिका अध्यक्ष श्याम लोप्चन, वडा नम्बर ४ का वडा अध्यक्ष दन्तलाल माझी, विद्यालयका प्रधानाध्यापक तिलक पाखिन र संस्थाकी प्रशासन तथा लेखा अधिकृत इरिना श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# पुस महिनामा २३९ जनाले रक्तदान गरे




फाईल तस्वीर

समाज संवाददाता

हेटौंडाः पुस महिनामा मकवानपुरमा २ सय ३९ जनाले रक्तदान गरेका छन् । हेटौंडा-१ स्थित रक्तसञ्चार केन्द्र हेटौंडामार्फत् एक महिनामा विभिन्न संघसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा ३७ जना महिला र २ सय २ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

पुस महिनामा ८ वटा संघसंस्थाले रक्तदान कार्यक्रम आयोजना गरेका थिए। पुस ८ गते हेटौंडा-१९ स्थित निर्मल माध्यमिक विद्यालयले रक्तदान कार्यक्रम गरेको थियो। यस्तै, ११ गते हेटौंडा बचत तथा ऋण सहकारी संस्था, १२ गते ज्योति माध्यमिक विद्यालयल, १४ गते कैलाश गाउँपालिकास्थित नेपाल रेडक्रस सोसाइटी गोगने, १९ गते सिटी कलेज, २१ गते मकवानपुर उद्योग वाणिज्य संघ, २७ गते राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुर र २९ गते महर्जन परिवारको आयोजनामा रक्तदान कार्यक्रम भएको थियो ।

पुस महिनामा रक्तदान गरेका २ सय ३९ जनामध्ये ३१ जनाले केन्द्रमै पुगेर रक्तदान गरेको सापकोटाले बताउनुभयो। रक्तसञ्चार केन्द्र हेटौंडाले पुस महिनामा २४ युनिट सेतो रगत बनाई वितरण गरेको छ भने समग्रमा ३०५ युनिट रगत वितरण गरेको छ। केन्द्रले धेरै रक्त हेटौंडा अस्पताललाई वितरण गरेको छ । सापकोटाका अनुसार अहिलेको समयमा ओ पोजेटिभ रगतको अभाव रहेको छ । रक्तसञ्चार केन्द्रमा दैनिक ४-५ जना ब्लड ग्रुप जाँच गर्न आउने गरेका छन् ।

# टाशी हिसे गुम्बामा तीन दिन पूजा हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित स्वयम्भू डाँडामा रहेको टाशी हिसे गुम्बामा तीन दिवसीय दोर्जे फुर्पा बज्रालिया पूजाको आयोजना हुने भएको छ । बुधबार आयोजकले पत्रकार सम्मेलन आयोजना गर्दै यही माघ १४ गतेदेखि १६ गतेसम्म पूजा हुने जानकारी गराएको हो ।

मानिसमा पुगेको विभिन्न क्षतिलाई मध्यनजर गर्दै मानव उन्नतिको कामनाका लागि पूजाको आयोजना गर्न लागेको आयोजकले जनाएको छ । बौद्ध मणि समिति टाशी हिसे हेटौंडा-२ को आयोजनामा हुन लागेको पूजाको उद्घाटन बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिंह लामाले गर्नुहुनेछ ।

पूजाको माध्यबाट निर्माण भइरहेको गुम्बाको विकास थप टेवा पुग्ने आयोजकले अपेक्षा गरेको छ। पूजा आयोजनाका लागि करिब १० लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । पूजा आयोजनाका लागि विभिन्न सहयोगदाता तथा भक्तजनहरुले दान गरेको रकमबाट सहयोग प्राप्त हुनसक्ने जनाइएको छ ।

# *हिंडौं पैदल...*

रूपमा विकास गरिएको छ ।

तर, सदियौं पुरानो सभ्यता बोकेर उभिएको काठमाडौं शहरमा अहिले गाडीहरुको कोलाहल छ । यहाँको वायुमण्डलमा डिजल-पेट्रोलको गन्ध मिसिएको छ। सर्वत्र हर्नको चर्को ध्वनि छ। सुविधासँग हिंड्न, बस्न सक्ने ठाउँ छैन ।

विगतमा काठमाडौं शहरको डिजाइन गर्दा हिंड्नका लागि पनि बाटो राखिएको थियो । वसन्तपुर, दरबारस्क्वायर जस्ता पुरानो बस्तीहरूमा पैदल यात्रीका लागि ठाउँ छाडिएको थियो । तर, अहिले यस्ता ठाउँहरू गाडीले ओगट्न थालेका छन् । पैदल यात्रुहरू डराई-डराई र होशियार साथ जोगिएर हिंड्नुपर्ने बाध्यता छ ।

काठमाडौंमा शायदै यस्ता फुटपाथ छन्, जहाँ सुविधाजनक हिसाबले फटाफट हिंड्न सकियोस्। मूलतः मान्छेहरूले पैदल हिंड्न नचाहनुमा यहाँको असुविधा नै हो ।

यदि फराकिलो र सुरक्षित फुटपाथ हुँदो हो, ठाउँ-ठाउँमा विश्राम गर्ने ठाउँ हुँदो हो, ठाउँ-ठाउँमा शौचालय हुँदो हो भने काठमाडौंका थुप्रै मान्छे हिंडेरै गन्तव्यसम्म आउजाउ गर्ने थिए ।

काठमाडौं जस्तो शहरमा पैदल मार्गलाई महत्व दिइने हो भने यसले शहरवासीलाई तन्दुरुस्त बनाउने मात्र होइन शहरलाई स्वच्छ पनि राख्छ। यसले सडकमा गाडीको चाप, पार्किङको भीडभाड घटाउँछ र यहाँको वायुमण्डलबाट पेट्रोल-डिजलको गन्ध हटाउँछ ।

### दैनिक कति हिंड्नुपर्छ ?

पैदल हिंड्नु शारीरिक तन्दुरुस्ती एवं स्वास्थ्यका लागि एकदम लाभदायक छ । चिकित्सकहरू भन्छन्- 'कम्तीमा दिनहुँ ४०-४५ मिनेट हिंड्ने हो भने धेरै रोगको जोखिमबाट बच्न सकिन्छ ।' तर, हिंडाइको गति भने तीव्र हुनुपर्छ। पसिना निस्कने गरी फटाफट हिंड्नुपर्छ ।

युरोपियन जर्नल अफ प्रिभेन्टिभ कार्डियोलोजीमा छापिएको एक शोध अनुसार एक दिनमा कम्तीमा ३ हजार ९६७ कदम हिंडियो भने कम उमेरमा मृत्यु हुने खतरालाई कम गर्न सकिन्छ ।

यो शोधमा भनिएको छ- दैनिक २ हजार ३०० कदम मात्रै हिंड्दा पनि मुटुरोगबाट मृत्यु हुने खतरालाई ५० प्रतिशतसम्म कम गर्न सकिन्छ ।

अनुसन्धाताका अनुसार जति बढी हिंड्नुहुन्छ त्यति नै धेरै फाइदा हुन्छ। यो शोध विश्वभरिका २ लाख २६ हजार व्यक्तिमाथि गरिएको थियो ।

शोधका अनुसार ४ हजार कदम हिंडेपछि व्यक्ति जति हजार कदम हिंड्छ, यसले उसको उमेरलाई १५ प्रतिशतसम्म थप बढाउन सक्छ ।

### हिंड्दा कसरी हिंड्ने ? कति तीव्रतासाथ हिंड्ने ?

पैदल हिंड्दा तीव्रताका साथ हिंड्नु लाभदायक हुन्छ । अल्छी गर्दै हिंड्दा समग्र रूपले शरीरलाई फाइदा पुग्दैन ।

जब हामी तीव्र गतिमा फटाफट हिंड्छौं मांसपेशी, जोर्नी खुम्चने-फैलने हुन्छ । फोक्सो, मुटु जस्ता भित्री अंगको चाल बढ्छ । यसले गर्दा रक्तप्रवाहदेखि अक्सिजन आपूर्ति पनि राम्ररी हुन पाउँछ।

हिंड्नुको अर्को फाइदा भनेको तनावबाट उन्मुक्त हुनु पनि हो । हिंड्दै गर्दा बाटामा भेटिने, देखिने दृश्यहरूले कतिपय तनाव मनमा आउन दिंदैन । अझ सिर्जनशील मान्छे हुनुहुन्छ भने त तपाईंले हिंडिरहँदा पनि कतिपय रचनात्मक कुराको खाका तयार गर्न सक्नुहुन्छ । किनभने यस्तो अनुकूलता आफैंले गाडी कुदाउँदा वा अरूको गाडीमा कोच्चिएर बस्दा हुँदैन ।

पैदल हिंड्दा सकेसम्म सहज जुत्ता र लुगा लगाउनुपर्छ । यदि अफिस वा कार्यथलो जानुपर्ने हो भने व्यागमा केही लुगा बोकेर हिंड्नु उत्तम हुन्छ । साथै पानी, गम्छा (रुमाल) पनि छुटाउनुहुन्न ।

हिंड्ने संस्कार विकास गरौं । छोटो दूरीको यात्रामा निस्कँदा मोटरसाइकल, गाडी प्रयोग नगरौं । ४०-५० मिनेटको दूरीमा कार्यथलो भए सम्भव भएसम्म हिंडेरै आउजाउ गरौं ।

चलाउनै परे, साइकलको प्रयोग गरौं। सकेसम्म पैदल हिंड्ने अभ्यास गरौं ।

*ढकाल शहरी विकास अभियन्ता हुन् ।*

*(स्रोतः अनलाईनखबर)*

# माओवादी केन्द्र हेटौंडा-१२ को अध्यक्षमा पोखरेल

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ का अध्यक्षमा रामहरि पोखरेल चयन हुनुभएको छ। बुधबार भएको पार्टी वडाको दोस्रो सम्मेलनबाट पोखरेल अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो ।

पोखरेलको अध्यक्षतामा ३५ सदस्यीय वडा समिति चयन भएको छ । नवनिर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको रहनेछ। १२ नम्बर वडाको सम्मेलन सम्पन्न गराएसँगै माओवादी केन्द्र हेटौंडा उपमहानगरकमिटीले १० वटा वडाको सम्मेलन सम्पन्न गराएको अध्यक्ष तीर्थ थापाले जानकारी दिनुभयो ।

यसअघि वडा नम्बर ५, ७, ८, ९, ११, १२, १३, १७, १८ र १९ नम्बर वडाको वडा सम्मेलन सम्पन्न गरेको उहाँले बताउनुभयो। बाँकी ९ वटा वडामा केही दिनमै वडा सम्मेलन सम्पन्न गराउने लक्ष्य लिएको उहाँले बताउनुभयो।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# एकैदिन प्रधानमन्त्रीका तीन निर्देशन, कार्यान्वयन होलान् ?

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहालले बुधबार मात्रै तीन निर्देशन दिएका छन् । प्रधानमन्त्री दाहालले हरेक दिन यसरी दिने निर्देशन कति कार्यान्वयन भए वा कति भएनन् ? त्यसको कुनै लेखाजोखा भने छैन। उनले बुधबार प्रहरी समायोजनको प्रक्रिया छिटोभन्दा छिटो टुंग्याउन, भिजिट भिसा र श्रम स्वीकृति लिएर विदेश जाने नेपालीलाई विमानस्थलमा दुःख नदिन र सहकारी सम्बन्धी समस्या तत्काल समाधान गर्न सम्बन्धित मन्त्रालय र निकायलाई निर्देशन दिए ।

प्रधानमन्त्री दाहालले हरेक बैठक र भेटघाटमा सरकारका निकायलाई निर्देशन दिने तर कार्यान्वयन नहुने गुनासो भइरहेको बेला दाहालले बुधबार थप तीन निर्देशन दिए। दाहालले प्रहरी समायोजनको प्रक्रिया टुंगाउन बोलाएको बैठकमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, संघीय मन्त्रीहरू, नेपाल सरकारका मुख्यसचिव बैकुण्ठ अर्याल, गृहसचिव दिनेश भट्टराई, नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवर, गृह मन्त्रालयका अधिकारीहरूलाई निर्देशन दिए । जबकि प्रमुख राजनीतिक दलबीच प्रहरी समायोजनबारे सहमति हुन सकेको छैन । पुरानो प्रहरी ऐन संशोधन गरेपछि मात्र समायोजन अघि बढ्ने निश्चित छ ।

'संघीयता कार्यान्वयन जुन रफ्तारका साथ हुनुपर्ने हो, त्यसो हुन सकेको छैन । त्यसको प्रत्यक्ष प्रभाव प्रदेशहरुलाई परिरहेको छ । यसले एकातर्फ प्रदेशका मुख्यमन्त्री र प्रदेश सरकारका काम प्रभावित भएका छन्, अर्कोतर्फ यसैलाई बहाना बनाएर संघीयता विरोधीहरुले संघीयता र प्रदेश सरकारमाथि हमला गरिरहेका छन्। त्यसैले ऐनअनुसार समायोजनको काम १५ दिनभित्र टुंग्याउनुस्,' दाहालको निर्देशन थियो ।

उनले १५ दिनभित्र समायोजनको प्रक्रिया टुंग्याउन निर्देशन दिएका छन् । सात प्रदेशका मुख्यमन्त्रीले प्रहरी र कर्मचारी समायोजन नभए आन्दोलनमा उत्रने बताइरहेका छन् । प्रधानमन्त्री दाहालले बुधबारनै सहकारी क्षेत्रमा भएको ठगीलगायत अन्य समस्या समस्या समाधान गर्न सम्बन्धित मन्त्रालयसहितका निकायलाई निर्देशन दिए। बुधबार बिहान बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री दाहालले सहकारीलाई समाजवादको आधार खडा गर्ने, सामूहिकता र तल्लो वर्गको हितमा केन्द्रित गर्ने गरी ऐनमा नै व्यवस्था हुनुपर्ने भन्दै दीर्घकालीन र तत्कालीन उपाय अपनाएर सहकारीहरुलाई व्यवस्थित बनाउन निर्देशन दिए ।

सहकारी संचालकहरुले बचतकर्ताको ठूलो रकम हिनामिना गरेपछि बिचल्ली भएको छ । हालसम्म सहकारीमा भएको ठगी र बचतकर्ताको रकम हिनामिना गर्ने व्यक्तिलाई कारबाही नगरेको भन्दै गुनासो बढिरहेको छ। सहकारी सम्बन्धी छलफलमा उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठ, नेपाल सरकारका मुख्य सचिव बैकुण्ठ अर्यालसहित सम्बन्धित मन्त्रालय, विभाग र निकायका अधिकारीलाई सहकारी व्यवस्थित गर्न दाहालको निर्देशन थियो ।

दाहालले बुधबार दिएको तेस्रो निर्देशन थियो- भिजिट भिसामा विदेश जानेहरूलाई सास्ती नदिनू। 'भिजिट भिसामा विदेश जानेलाई कागज पुगेन भनेर विमानस्थलबाट फर्काउने र फेरि केही दिनपछि सेटिङ मिलाएर पठाउने गरेको गुनासो मैले सुनेको छु, भिजिट भिसामा घुम्न जानेहरूका सम्बन्धमा अध्यागमन कार्यविधि अनुसार गर्नु, गराउनु होला,' उनको निर्देशन थियो, 'जनतालाई हैरानी दिने काम बन्द गर्नुहोला ।'

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठ, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी, मुख्यसचि अर्यालसहित यो निर्देशन दिए । उनले 'पालिकास्तरसम्म गएर वैदेशिक रोजगारी र भिजिट भिसाबारे सचेतनामूलक कार्यक्रम गर्न र राष्ट्र र जनताको हितमा काम गर्न' निर्देशन दिन भ्याए । भिजिट भिसामा विदेश जानेहरुले उनको निर्देशनपछि कति सहज महसुस गर्लान् ? व्यबहारमा लागु नभएसम्म भन्न सक्ने अवस्था छैन । *स्रोतः इकान्तिपुर ।*





**रंग खेलाउँदै विद्यार्थीः** हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविमा चित्र बनाउँदै विद्यार्थी । रेम्बो आर्ट ग्यालरीका कलाकार सुजन राईले बालज्योति आर्ट क्लबका विद्यार्थीलाई चित्रकलासम्बन्धी एक दिवसीय कार्यशालामा सहभागी गराएपछि विद्यालय परिसरकै भित्ता, रुखहरुमा चित्रकलाको अभ्यास गराइएको थियो ।

# रुखबाट लडेर उप्रेतीको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलान्चोक जिल्लाको रोशी गाउँपालिका-६, सिपालीमा रुखबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४७ वर्षीय हरि उप्रेती रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

उप्रेती सोमबार बिहान ११ बजेको समयमा कुटमिरोको घाँस झार्ने क्रममा रुखबाट लडेर गम्भीर घाइते भएका थिए । घाइते उप्रेतीलाई उपचारका लागि ट्रमा सेन्टर लगेकोमा सामान्य उपचार पश्चात थप उपचारका लागि मंगलबार बिहान ५ बजेको समयमा केएमसी अस्पताल सिनामंगल लगिएकोमा उपचारको क्रममा मंगलबार बिहान ८ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## सच्याईएको

मिति २०८० साल माघ ३ गते प्रकाशित समृद्ध समाज दैनिकको पृष्ठ ४ मा प्रकाशित १६ नम्बर वडाको छात्रवृत्तिका लागि आवेदन दिनेसम्बन्धी सूचनामा प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१०/०३ तथा १६ नम्बर वडामा स्थायी बासिन्दा हुनुपर्ने भन्ने उल्लेख हुनुपर्नेमा असावधानिबस अन्यथा भएकोले सच्याइएको छ ।

**बजार शाखा ।**

# पूर्वराजा ज्ञानेन्द्र शाह हेटौँडा आउँदै



*पूर्वराजा हेटौँडा आउने विषयमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा सहभागी राप्रपाका नेताहरु ।*

समाज संवाददाता

हेटौडाः पूर्वराजा ज्ञानेन्द्र वीरविक्रम शाह माघ ७ गते हेटौंडा आउनुहुने भएको छ । बागमती प्रदेशको राजधानी हेटौंडाको धार्मिक क्षेत्रको अवलोकन, भ्रमण र पुजा-आराधनाका साथै भेटघाटका लागि पूर्वराजा हेटौंडा आउन लाग्नु भएको हो ।

बुधवार हेटौंडामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरको आयोजना तथा रिपोर्टर्स क्लब नेपाल मकवानपुर शाखाको आयोजनामा पत्रकार सम्मेलन भएको हो । पूर्वराजा शाहलाई स्वागत तथा अवलोकन भ्रमण मूल समारोह समिति, उपसमिति गठन गरिएको छ । राप्रपा नेता तथा प्रतिनिधि सभा सदस्य दीपक बहादुर सिंहको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । पूर्वराजालाई एक हजार एक सय ११ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ ।

पूर्वराजाले हेटौंडाको चुरियामाई मन्दिर, हेटौंडा-१३ पदमपोखरीको ज्याङछुपलिङ पोतला गुम्बा, हेटौंडा-१० को भुटनदेवी मन्दिरमा पैदलयात्रासहित धार्मिक अवलोकन भ्रमण, पुजा-आराधना र हेटौंडा रिसोर्टमा उद्योगी, व्यवसायी, पत्रकारसँग भेटघाट गर्ने कार्यक्रम तय भएको मूल समारोह समिति संयोजक सिंहले जानकारी दिनुभयो ।

# प्रदेशका सांसदलाई राजीनामा दिन लगाउँछुः प्रतिनिधिसभा सदस्य सिंह

समाज संवाददाता

हेटौडाः मकवानपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहले प्रदेशसभा सदस्यलाई राजीनामा दिन लगाउने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीले संघीयता नमान्ने भएकोले सरकारले संघीयता खारेज गर्ने भनेमा आफ्ना प्रदेशसभा सदस्यहरुलाई राजीनामा दिन लगाउने उहाँले बताउनुभएको हो ।

देशले संघीयता धेग्न नसक्ने भएकाले प्रदेश सरकार हटाउन आवश्यक रहेको उहाँको भनाइ छ । संघीय व्यवस्था गलत भएको भन्दै उहाँले देशमा सांसदहरु धेरै भएको र राज्यले धेग्न नसकेको बताउनुभयो । 'एउटा प्रदेशमा १७-१८ जना मन्त्री छन् । जनताले केही पाएका छैनन् । सेवा सुविधा मन्त्रीले पाएको छ, जनताले केवल विकास निर्माण काममा उपभोक्ता समितिको जिम्मेवारी पाएको छ', सिंहले भन्नुभयो- 'नेपाली जनताबाट उठेको ट्याक्सबाट मन्त्रालय चलिरहेको छ । नेपालजस्तो सानो राष्ट्रले प्रदेश सरकार धेग्न सक्दैन । त्यसैले हामी सभामुख मात्र नभई सम्पूर्ण प्रदेशसभा सदस्य फिर्ता बोलाउन सक्छौं ।' पहिले नै आफूहरुले प्रदेशसभा सदस्यहरुसँग संघीयता खारेज हुने अवस्थामा राजीनामा दिनुपर्छ भन्दा सबै तयार अवस्थामा रहेको उहाँले बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रदेश सरकारको व्यवस्था गलत भएको बताउँदै आएकाले पार्टीले आन्दोलन गर्ने र आन्दोलमा सरकारको राज्य व्यवस्था परिवर्तन भए प्रतिनिधिसभा सदस्यहरुले नै राजीनामा दिन परे पनि तयार भएको सिंहको भनाइ छ । संसदभित्रको गतिविधि



मिडियाको पहुँचमा ल्याउन राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले गर्दा सम्भव भएको दाबी उहाँले गर्नुभयो । हिजोको दिनमा सदनमै पार्टीगत निर्णय गरी गुमनाम गराउने गरेको उहाँले आरोप लगाउनुभयो ।

वर्तमान संविधानमा ४ वटा मापदण्डबाहेक अरुमा आफ्नो राय राखेर जनताको माझमा जान सक्ने प्रष्ट अवस्था रहेको उहाँको भनाइ छ । हिजोको दिनमा पञ्चायत खारेज भएको अवस्थामा आजको दिनमा गणतन्त्रलाई खोक्रो पारी आफ्नो विचार माथि ल्याउन सक्ने जिकिर उहाँले गर्नुभयो ।

मकवानपुरमा आफू चुनाव लड्दा विभिन्न मुद्दा लिएर समाधान गर्छु भनेर जित हासिल गरेको उहाँले बताउनुभयो । एउटा विदेश जान परीक्षा दिन पाउनुपर्छ भन्दा गोली खानुपर्ने अवस्था आएकोले गणतन्त्र आवश्यक नभएको धारणा राख्नुभयो । दिनका ३-४ हजार मानिस अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने गरेको अवस्थामा युवा शक्ति बाहिरिएको अवस्थामा सरकारले ती युवालाई रोक्न नसकेको बताउनुभयो । ५-६ पटक एकजना मानिस मन्त्री, प्रधानमन्त्री हुँदासम्म पनि देशमा कुनै परिवर्तन नभएको उहाँले बताउनुभयो ।

उहाँले पार्टी भन्दा पनि देशको हितको लागि काम गर्न आवश्यक रहेको औँल्याउनुभयो । गणतन्त्र नेताको परिवारका सदस्य, कार्यकर्तालाई सरकारी निकायमा भर्ती गर्न ल्याएको भन्दै सरकारको कारण ठूला-ठूला उद्योग बन्द गर्ने अवस्थामा पुगेको बताउनुभयो । उद्योगी व्यवसायी भुण्डिएर मर्नुपर्ने अवस्था आएकाले देशमा परिवर्तन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य सिंहले हेटौंडाको सडक विस्तारको लागि आफू र प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट गरेको भन्दै भेटमा प्रचण्डले विकल्पलाई पहिलो प्राथमिकतामा राखेको जानकारी गराएको बताउनुभयो । प्रधानमन्त्री प्रचण्डले हेटौंडाको सडक निर्माणको विषयमा आफू निर्माणको पक्षमा रहेको बताएकाले सडक निर्माणको कार्य सरकारको भएको उहाँले बताउनुभयो ।

पूर्वाधार विकास समितिका सभापतिसमेत रहनुभएका सिंहले थानकोट-चन्द्रागिरी सडकमा आफूले २ पटक अनुगमन गरेको जानकारी गराउँदै द्रुत गतिमा मार्ग निर्माण गर्न सरकारलाई निर्देशन दिएको बताउनुभयो । हालसालै भएको दुर्घटनाले दुःखी बनाएको बताउँदै सडक निर्माण सम्पन्न नभएसम्म सवारी साधन उक्त सडकमा चल्न नदिन निर्देशन दिएको बताउनुभयो ।

# ६ महिनामा नौ गैंडाको मृत्यु

चितवनः चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गएको छ महिनामा नौवटा गैंडा मरेका छन् । तीमध्ये दुईवटा चोरीसिकारीले मारेको पुष्टि भएको र थप एउटा चोरी सिकारीले मारेको आशंका गरिएको छ ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार यस वर्ष बुढो भएर र भिरबाट लडेर दुई, आपसमा जुधेर दुई र बाघ एवं गोहीको आक्रमणबाट दुईवटा गैंडा मरेका हुन् । गएको कात्तिक ३० मा निकुञ्जको चपरचुली पोष्टदेखि दक्षिणको खाडलमा पारेर तस्करले दुई गैंडा मरेका थिए ।

त्यस्तै तस्करहरुले छ र १८ वर्षका पोथी गैंडा खाल्डोमा पारेर मारेका थिए । ती तस्करलाई पक्राउ गरिसकिएको छ । यसअघि भदौमा निकुञ्जकै हरदा खोला क्षेत्रमा एउटा गैंडाको हाडखोर भेटिएको थियो । तिवारीले सो गैंडा तस्करले मारेको आशङ्का गरिएको बताए ।



घटनास्थलमा खाग नभेटिएकाले तस्करले मारेको हुनसक्ने आशङ्का गरिए पनि यकिन नभएको उनले बताए । उक्त घटनाको अनुसन्धान भइरहेको छ ।

निकुञ्ज र आसपासका क्षेत्रका बढी गैंडा प्राकृतिक कारणले मर्ने गरेका छन् । निकुञ्जले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०७२/७३ यता दुई सय ३५ वटा गैंडा मरेका छन् र तीमध्ये १२ वटा चोरीसिकारीले मारेको आशङ्का गरिएको छ । बुढो भएर, भिरबाट लडेर, दलदलमा फसेर, बाढीले बगाएर, आपसमा जुधेर, बाघ र गोहीले आक्रमण गरेर, विद्युतीय करेन्टमा परेर, रोग लागेर, खाडलमा परेर, विष सेवन गरेर गैंडा मर्ने गरेका छन् । निकुञ्जमा पछिल्लो गणनाअनुसार छ सय ९४ गैंडा छन् ।

*स्रोतः अनलाइनखबर ।*


## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारणः**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, भानेको तथा फाष्टफूड एवम् जंकफूड लगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्का, चुरोट लगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जी लगायत स्वस्थकर र ताजा खाना खाने गरौं ।
- लामो समय राखिएका, तारेका, भानेका तथा फाष्टफूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारीरिक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं ।

**स्वस्थ रहौं, दीर्घ जीवनयापन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# पुसमा ६५ हजार नेपाली कामका लागि बिदेसिए

काठमाडौंः पुस महिना मात्रै ६५ हजार भन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार पुस महिनामा ६५ हजार ८१३ जनाले श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसहित) लिएका छन् । जसमा ५९ हजार ७२९ पुरुष र ६ हजार ८४ जना महिला रहेका छन् । ३४ हजार ४१५ जनाले श्रम स्वीकृति मात्रै लिएका छन् । जसमा ३० हजार ३१७ जना पुरुष र ४ हजार ९८ जना महिला रहेको विभागको तथ्यांकले देखाएको छ ।

गत आर्थिक वर्ष २०७९/८० को पुस महिनामा ६५ हजार ४६४ जना विदेशीएका थिए । त्यसरी जानेमा सबैभन्दा बढी यूएई पुगेका छन् । यूएइका लागि १६ हजार ३८५ जनाले श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसहित) लिएका छन् । जसमा १३ हजार ८६० पुरुष र २ हजार ५२५ जना महिला रहेका छन् । त्यसपछि साउदी अरेबिया पुगेका छन् ।

जहाँका लागि १४ हजार ३०७ जनाले श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसहित) लिएका छन् । जसमा १४ हजार २१५ जना पुरुष छन् भने ९२ जना मात्रै महिला छन् । त्यस्तै कतारमा १४ हजार १८ जना गएका छन् । जसमा १३ हजार १३५ पुरुष र ८८३ महिला रहेका छन् । त्यस्तै मलेसिया ८ हजार ९१, कुवेत ३ हजार ५१८, कोरिया १ हजार ४२५, जापान १ हजार १९९ जना गएको विभागको तथ्यांकले देखाएको छ । *स्रोतः रातोपाटी ।*


## हार्दिक आमन्त्रण



जन्मः २०२२/११/०२

स्व. गोबर्धन बहादुर बस्नेत

स्वर्गारोहणः २०८०/०१/२२

मेरा पुजनीय श्रीमान् **गोबर्धन बहादुर बस्नेत**को निधनप्रति दुख व्यक्त गरी हामीप्रति समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने आफन्त, इष्टमित्र तथा छरछिमेकमा **१३औं पुण्यतिथि**का दिन तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि उपस्थित भइदिनुहुन हार्दिक आमन्त्रण गर्दछु ।

**तपसील**
मितिः २०८०/१०/०५ गते (आज)
समयः दिनको १ बजेपछि
स्थानः हेटौंडा-४, कर्रा श्रमिक पथ

**प्रार्थी**
श्रीमति जनकुमारी कार्की
९८४५१-०६९५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ